**मिति २०८१ बैशाख २४ गते सोमबार (वि.सं.२०८१।१।२४) तुलसीपुर उपमहानगरपालिकाको २२औं नगरकार्यपालिका बैठकका निर्णयहरू :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाबाट आर्थिक बर्ष २०७७/०७८ मा ठेक्का भई उर्जा कृषभ जे.भि.संग दुई पक्षीय सम्झौता भएका तपसिल बमोजिमका ठेक्काहरु उक्त फर्म संग संझौता तोडी तीन बर्षका लागि कालोसूचिमा राख्नका लागि सार्बजनिक खरिद अनुगमन कार्यालय ताहचल काठमाण्डौलाई सिफरिस गरि पठाउने ।

**तपसिल**

| क्रस | आयोजनाको विवरण | ठेक्का न |
|---|---|---|
| १ | नगाउ देखि प्रिगाउ,गौरीगाउ देखि चैलाही,गोलौरी चौधरी टोल रोड कालोपत्रे तुलसीपुर १० | TSMC/NCB/14/W/077/078 |
| २ | नवलपुर रोड कालोपत्रे योजना तुलसीपुर ११ | TSMC/NCB/15/W/077/078 |
| ३ | राप्ती राजमार्ग देखि पनालीबोट,बखरिया देखि झरना सामुदायिक बन रोड कालोपत्रे योजना तुलसीपुर १३ | TSMC/NCB/16/W/077/078 |
| ४ | १४ नं. वडा कार्यालय देखि हात्तिढुङ्गा,कोठरी देखि बबई पुलरोड कालोपत्रे योजना तुलसीपुर १४ | TSMC/NCB/17/W/077/078 |
| ५ | रक्षाचौर चारबाटो चोक देखि एक्लेबर रोड कालोपत्रे योजना तुलसीपुर ४ | TSMC/NCB/18/W/077/078 |
| ६ | लामीडाडा दामोदर रोड देखि कचिला,जुर्कि चोक देखि कचिलि कौवापुर देखि हरिपौरी रझेना देखि पढारोड कालोपत्रे योजना तुलसीपुर १२ | TSMC/NCB/19/W/077/078 |
| ७ | बांसगढि चोक देखि स्यालपानी रोड कालोपत्रे तुलसीपुर १९ | TSMC/NCB/23/W/077/078 |

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकाको अपाङ्गता भएका ब्यक्तिहरुको परिचय पत्र बितरण कार्यविधि,२०७५ को दफा ६(ख) बमोजिम तुलसीपुर उपमहानगरपालिकाको महिला सदस्य मध्येबाट कार्यपालिका सदस्य श्री गौरी नेपालीलाई अपाङ्गता परिचयपत्र वितरण समन्वय समितिमा सदस्य मनोनयन गर्ने ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा बालबालिका सम्बन्धी कार्यहरु गर्नका लागि बालबालिका सम्बन्धि नियमावली,२०७८ को परिच्छेद १० नियम ८१ अनुसार तुलसीपुर उपमहानगरपालिकाको महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुखलाई बालकल्याण अधिकारी तोक्ने ।





टिकाराम खड्का

मिति २०८१ बैशाख २४ गते सोमबार (वि.सं.२०८१।१।२४) तुलसीपुर उपमहानगरपालिकाको २२औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाको बितीय अवस्थालाई मजबुद बनाउदै नगरको ब्यवसायिक कर अधिकाधिक संकलन गर्ने हेतुले हाल सम्म स्रोत सुनिश्चित भई संकलन हुन नसकेका क्षेत्रहरुमा स्थलगत रुपमै पुगी नागरिकलाई सहजता प्रदान गर्दै कर संकलनलाई प्रभावकारी बनाउनका लागि वडा नं. ५, ६, ७ र ९ नंम्बर वडामा केन्द्र कार्यालयबाट र बांकी सबै वडामा दिनको ३.०० बजे पछि आवश्यक्यतानुसार वडा अध्यक्षको निर्देशन बमोजिम कर्मचारी खटाइ ब्यवसायीक कर संकलन गर्ने गर्ने गराउने ब्यवस्था मिलाउने । अतिरिक्त समयमा खटर्डि कर संकलन गर्ने कर्मचारीलाई उठेको ब्यवसायीक करको १० प्रतिशत रकम प्रोत्साहन वापत उपलब्ध गराउने । तथा कार्यालय समयमा सरसफाइ शुल्क उठाउने कर्मचारीहरुलाइ सरसफाइ शुल्कबाट उठेको रकमको ५ प्रतिशत रकम प्रोत्साहन वापत उपलब्ध गराउने ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकाको शहरीकरण दिनानुदिन बढ्दै गएको,बिशेष रुपमा सरसफाईको क्षेत्रमा चुनौति बढ्दै गएको अवस्थामा सरसफाईलाई प्रभावकारी बनाउन कर्मचारी उत्प्रेरणाका लागि सरसफाई क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई जिल्ला दररेट बमोजिमको पारिश्रमिक प्रदान गर्ने ।

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिकाको सरसफाई शाखामा कार्यरत कुचिकार तुलसीराम चौधरीको मिति २०८०।६।२८ दुखद निधन भएकोले निजको परिवारलाइ क्रिया खर्च वापत रु २५०००। उपलब्ध गराउने ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिकाले हाल फोहरमैला ब्यवस्थापन गर्दै आएको स्थानमा बिभिन्न प्रकारका फोहरका स्रोतहरु भई बिना आम्दानी खेर गैरहेको परिप्रेक्षमा सो स्रोतको ब्यवस्थापन गर्दै आयआर्जन समेतमा बृद्धि गर्नका लागि मासिक न्युनतम रेट रु.२००००।.(बीस हजार मात्र) नघटने गरी ठेक्का मार्फत ब्यवस्थान गर्ने ।

१।२४

टिकाराम खड्का
नगर प्रमुख





१।२४

मिति २०८१ बैशाख २४ गते सोमबार (वि.सं.२०८१।१।२४) तुलसीपुर उपमहानगरपालिकाको २२औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिका मातहतका सबै कार्यालयमा कुनै पनि बस्तु तथा सामान खरिद गर्दा यस उपमहानगरपालि तथा वडा कार्यालयबाट ब्यवसायीक कारोबार तथा ईजाजत लिएका तथा नबिकरण अध्यावधिक भएका फर्म संग मात्र ब्यवसायिक कारोबार गर्ने गराउने ।

**निर्णय नं. ९**

संघीय सरकार बिशेष अनुदान तर्फ चालु आ.ब.२०८०/०८१ मा बिनियोजन भएको रकम रु १,०००००००।(एक करोड) रकमबाट ठेक्का भई वडा नं. ९ स्थित श्री आ.वि. सल्लीबनको भवन ठेक्का स्वीकृत रकम रु.८०७११२२।०४ मा निर्माणाधिन रहेकोमा रु.१९२८८७७।९६ बचत हुन आएकोले बिद्यालय भवन परिषरको सुरक्षा संवेदनसिलताको जोखिम पक्षलाई न्युनिकरण गर्न बिवेकपूर्ण र औचित्यपूर्ण देखिएको हुदा बचत हुन आएको रकम रु.१९२८८७७।९६ बाट पर्खाल तथा गेट निर्माण कार्य गर्न खरिद प्रकृया अघि बढाउने । साथै सघीय र प्रादेशिक समपुरक अनुदान तर्फका योजनाको बचत हुन आएको रकम समेत सम्बन्धित योजनामा लगाउने ।

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिका नगरस्तरीय फोहरमैला ब्यवस्थापन सेवा शुल्क र दण्ड जरिवाना सम्बन्धी कार्यबिधि, २०८१ स्वीकृत गर्ने ।

**निर्णय नं. ११**

तुलसीपुर उपमहानगरपालिकामा अधिकृत सातौं तहमा कार्यरत लेखा अधिकृत श्री खिमलाल वलीलाई बादी नेपाल सरकार प्रतिबादी खिमलाल वली समेत भएको भ्रष्टाचार मुद्धा नं. ०८०-CR-००१७ मुद्दामा बिशेष अदालतमा मिति २०८१।०१।१२ मा ईजलास समक्ष पेश हुदा खिमलाल वलीले आरोपित कसुरबाट सफाई पाउने ठहर फैसला भएकोले निजामती सेवा ऐन २०४९ को दफा ३० को उपदफा १ बमोजिम हुने गरी यस उपमहानगरपालिकाबाट मिति २०८०।०४।२८ को पत्र बमोजिमको ब्यहोरा फुकुवा गरी मिति २०८१।१।१४ गतेबाट हाजिर गराइ नियमित कामकाजमा लगाउने ।

२०८१।१।२४      १।२४

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

मिति २०८१ बैशाख २४ गते सोमबार (वि.सं.२०८१।१।२४) तुलसीपुर उपमहानगरपालिकाको २२औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १२**

तुलसीपुर उपमहानगरपालिकाको बारुणयन्त्र जस्तो अति संवेदनसिल क्षेत्रमा कार्यरत कर्मचारीहरु बिपदजन्य जोखिम न्यूनिकरणमा २४सै घन्टा खटीनु पर्ने भएको र अन्य शाखाबाट बारुणयन्त्रमा कामकाजमा खटिने कर्मचारीलाइ समेत बारुणयन्त्रमा काम गर्ने कर्मचारी सहर अतिरिक्त समय भत्ता उपलब्ध गराउने

**निर्णय नं. १३**

तुलसीपुर उपमहनगरपालिका स्थानीय तहमा स्वास्थ्य बिमा संयोजन समिति गठन,सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने ।

**निर्णय नं. १४**

तुलसीपुर उपमहानगरपालिकाद्धारा सञ्चालित तुलसीपुर पेट्रोल पम्पको पुजि बृध्दिका लागि शारदा निर्माण सेवाका प्रो. गेहेन्द्र कुमार गिरीले निवेदन पेश गर्नु भएको र सो सम्बन्धमा मिति २०७९।१२।२७ गते बसेको तुलसीपुर पेट्रोल पम्प सञ्चालन समितिको बैठकको निर्णय बमोजिम उक्त शारदा निर्माण सेवाले यस उपमहानगरपालिकालाई म.ले.प.तथा लेखा समितिले असुलउपर गर्नु भनि निर्देश गरेको रकम रु ८०००००।(आठलाख) धरोटी वापतको रकम भुक्तान गर्ने सम्बन्धमा पालिकालाइ उपलब्ध गराउन समन्वय गरी हालको पुजि रकम १९,००००।(उन्नीस लाख) बाट रु. ८०,०००००।(असीलाख मात्र) हुने गरि बृध्दि गर्ने सो वापत लाग्ने दस्तुर दोश्रो पक्षबाटै ब्यहोर्न लगाउने ।

**निर्णय न.. १५**

तुलसीपुर उपमहानगरपालिकाको खानेपानी तथा सरसफाई स्वच्छता योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

आर्थिक बर्ष २०८०/०८१ को लागि लुम्बिनी प्रदेश सरकारको तर्फबाट तुलसीपुर उपमहानगरपालिकालाई हस्तान्तरित बिशेष अनुदानका कार्यक्रम मार्फत बिद्यालय क्षेत्रमा स्वच्छ खानेपानी ब्यवस्थापनका लागि प्राप्त रकम रु. २५,०००००। रकमलाई मिति २०८१।१।१७ गते बसेको शिक्षा समितिको निर्णय बमोजिम तपसिलका बिद्यालयहरुमा तपसिल बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।





२०८१।१।२४
गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

१।२४
टिकाराम खड्का
नगर प्रमुख

मिति २०८१ बैशाख २४ गते सोमबार (वि.सं.२०८१।१।२४) तुलसीपुर उपमहानगरपालिकाको २२औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

तपसिल

| | | |
|---|---|---|
| १. श्री आधारभूत बिद्यालय , कोठरी | तुलसीपुर १५ | रु.२०००००। |
| २. श्री आधारभूत बिद्यालय , बराहखुटी | तुलसीपुर १३ | रु.२०००००। |
| ३. श्री शान्ती मा.वि. , नवलपुर | तुलसीपुर ११ | रु.३,५०००००। |
| ४. श्री जनज्योती मा. वि , तुहिरनियापुर | तुलसीपुर १३ | रु.३,५०००००। |
| ५. श्री बालमितेरी मा. वि., भोजपुर | तुलसीपुर १४ | रु.३,५०००००। |
| ६. श्री जनश्रम मा. वि., खाद्रे | तुलसीपुर ४ | रु.३,५०००००। |
| ७. श्री रतननाथ प्रा. वि. , पोटली | तुलसीपुर २ | १,५०००००। |
| ८. श्री प्रा. वि , मज्गै , | तुलसीपुर १७ | १,५०००००। |
| ९. श्री शुभकोटी प्रा. वि., मनिकापुर | तुलसीपुर १८ | १,५०००००। |
| १०. श्री प्रा. वि. , दमारगाउ | तुलसीपुर १ | १,५०००००। |

**निर्णय नं. १७**

तुलसीपुर उपमहानगरपालिकाका धैरै जसो ग्रामीण वडाहरु र आसपासका पालिकाहरुमा ठूलो मात्रामा कृषि उत्पादन हुने भएको तर कृषिजन्य बीउबिजनहरुलाई सुरक्षित रुपमा भण्डारण गर्ने चिस्यान केन्द्र नभएका कारण कृषकहरु मर्कामा परेकोले सो समस्या समाधानका लागि तुलसीपुर उपमहानगरपालिकाले वडा नं. १६ ग्वारखोलामा बिगतको नगरसभाबाट औद्योगिक ग्रामको रुपमा संरक्षित क्षेत्रमा नगरस्तरीय चिस्यान केन्द्र निर्माणका लागि सहमति प्रदान गर्ने ।

**निर्णय नं. १८**

तुलसीपुर उपमहानगरपालिकाले आईई स्वीकृत गरेका स्थानहरुमा नदिजन्य पदार्थको(ढुङ्गा,गिट्टि,बालुवा) घाटगद्धि गरी प्रति टेक्टर रु ७५०।(अक्षरुपी सात सय पचास मात्र) का दरले नगदी रसिद प्रयोग गरी बिक्रि गर्ने भनि मिति २०८०।८।२१ गते बसेको नगरकार्यपालिकाको बैठकबाट निर्णय भएकोले बेल्चा उठाउने काममा खटाईएका कर्मचारीलाई पारिश्रमिक छुट हुन गएकोले नदीजन्य पदार्थ ब्यवस्थापनका



२०८१।१।२४ ...हेन्द्र बहादुर डाँगी ...अधिकृत

१।२४ टिकाराम खड्का नगर प्रमुख

लागि बेल्चा उठाउने काममा खटाईएका कर्मचारीलाई पारिश्रमिक कर बाहेक प्रति ट्रिप रु. १००।(एक सय मात्र) का दरले उपलब्ध गराउने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**निर्णय नं. १९**

आजका कार्यपालिका बैठकको कार्यसूचिमा समावेश गरिएका तपसिलका नीति तथा कार्यविधि विधेयक समितिमा अध्ययनका लागि पठाउने ।

<u>तपसिल</u>

क) तुलसीपुर उपमहानगरपालिकाको नविकरणीय उर्जा नीति , २०८१

ख) तुलसीपुर उपमहानगरपालिकाको मनोसामाजिक परामर्श तथा मानसिक स्वस्थ्य नीति, २०८१

ग) तुलसीपुर उपमहानगरपालिकाको तुलसीपुर बिकास बोर्ड कार्यविधि, २०८१

**नर्णय न २०**

तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब. २०८०/०८१ को सडकबोर्ड कार्यक्रम अन्तरगत यस तुलसीपुर उपमहानगरपालिकाबाट मिति २०८०।९।२६ गते पहिलो पटक प्रकाशित ई.बिड मार्फत ठेक्का नं. TSMC/NCB/26/W/2080/081 तलसीपुर उपमहानगरपालिकाको बजार क्षेत्रको लगाएत अन्य स्थानमा सडक मर्मत कार्य गर्न श्री जेन्सन कन्स्ट्रक्सन एण्ड जेन्सन सप्लायर्स(बागचौर १० सल्यान) लाई मिति २०८०।११।३० मा सम्झौता गर्न आउने सम्बन्धमा पत्राचार गरिएको तर पत्र बुझेको १५ दिनको म्याद भित्र उक्त फर्मबाट कार्यसम्पादन जमानत पेश नगरि सार्बजनिक खरिद ऐन , २०६३ को दफा २७ को उपदफा ५ बमोजिम उपदफा ३ को अवधिभित्र कार्यसम्पादन जमानत दाखिला गरी बोलपत्र संझौता गर्न आउनु पर्नेमा दिइएको समय सिमा भन्दा पछि जमानत सहित सम्पर्कमा आएता पनि निज श्री जेन्सन कन्स्ट्रक्सन एण्ड जेन्सन सप्लायर्स(बागचौर १० सल्यान)को बोलपत्रको जमानत (Bid Bond) रकम जफत गरी सो भन्दा लगतै पछिको समृद्धि कन्स्ट्रक्सन प्रा.लि. न्युनतम मुल्याङ्ककीत सारभूत रुपमा प्राभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी आवश्यक प्रकृया अघि बढाउने । ढिलो जमानत राखि अएकोले श्री जेन्सन कन्स्ट्रक्सन एण्ड जेन्सन सप्लायर्स(बागचौर १० सल्यान)लाइ कालो सूचिमा राख्न सिफारिस नगर्ने ।

२०८१।१।२४



टिकाराम खड्का
नगर प्रमुख



गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१ बैशाख २४ गते सोमबार (वि.सं.२०८१।१।२४) तुलसीपुर उपमहानगरपालिकाको २२औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

टिकाराम खड्का
नगर प्रमुख

**निर्णय नं. २१**

तुलसीपुर उपमहानगरपालिका वडा न १ का निवर्तमान वडा अध्यक्ष श्री लक्ष्मण भण्डारी बहाल रहदाकै अवस्थामा निजकी श्रीमतीको क्यान्सर रोगका कारण मृत्यु भएको र हाल निज लक्ष्मण भण्डारीलाइ पनि क्यान्सर रोगलागि उपचारको क्रममा भारतको लखनउ अस्पतालमा रहेको र निजको आर्थिक अवस्था दयनीय भएकोले निबर्तमान वडा अध्यक्षले बिगतमा यस उपमहानगरपालिमा गरेको योगदानको कदर गर्दै दयनीय आर्थिक अवस्थाका कारण उपचार हुन नसकी ज्यानै जान सक्ने अवस्थाबाट मानबीय सवेदनसिललता लाइ ध्यानमा राखी स्थानीय सरकारको अभिभावकीय भूमिका निर्वाह गर्दै रु २५००००।(दुइलाख पचास हजार)आर्थिक सहयोग गर्ने ।

**निर्णय नं. २२**

तपसिल बमोजिमका संघ संस्था तथा ब्यक्तिहरुलाई तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

१.श्री जनक चौधरी वडा नं. ११ औलाको शल्यकृया , रु १० हजार

२. श्री मुक्त कम्लरी बिकास मञ्च छात्रबृति, निवेदन बमोजिमको भुक्तानी गर्ने

क. सर्मिला चौधरी रु. २० हजार

ख) आशा चौधरी रु. २० हजार

ग) कृति चौधरी रु. २० हजार

३. श्री रुपी गिरी वडा नं. २ फोक्सोमा समस्या , रु ५ हजार

४. श्री पारीवारीक निजिबन संघ नेपाल,दाङ्ग, रु ३० हजार

५. श्री चलचित्र पत्रकार संघ,नेपाल दाङ्ग शाखा, रु १० हजार

६. श्री शरद कुमार चौधरी वडा नं. १७ लोटर चोट लागेको ,रु ५ हजार





१।२४ १।२४

टिकाराम खड्का गेहेन्द्र बहादुर डाँगी

मिति २०८१ बैशाख २४ गते सोमबार (वि.सं.२०८१।१।२४) तुलसीपुर उपमहानगरपालिकाको २२औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

६. श्री शरद कुमार चौधरी वडा नं. १७ लोटेर चोट लागेको ,रु ५ हजार

७. श्री तेज बहादुर कामी वडा नं. ९ दुबै मृगौला रोगी, रु १५ हजार

८. श्री जुद्धबहादुर नेपाली वडा नं. १४ मृगौला रोगी, रु १५ हजार

९. श्री लडकी बिक वडा नं. १४ मुटु रोगी, रु १० हजार

१०. श्री माईती थरुनी वडा नं. १४ मुटु रोगी, रु १० हजार

११. श्री पार्बती बिक वडा नं. १४ मृगौला रोगी, रु १० हजार

१२. श्री लिलि सर्किनी वडा नं. १७ अशक्त बिरामी , रु १५ हजार

१३. श्री माघु चौधरी वडा नं. १६ फोक्सोमा समस्या ,रु ५ हजार

१४. श्री जुद्धबहादुर बस्नेत वडा नं. ११ क्यान्सर, रु २५ हजार

१५. श्री पोकसर कामी वडा नं. ४ फोक्सोमा खराबी, रु १५ हजार

१६. श्री देबिका डागी वडा नं. १० मुटु रोगी, रु १५ हजार

१७. श्री कमला वली वडा नं. ५ टिम्मर रु २० हजार

१८. श्री मेट्रो कलेज मुलकोट सहभागि, रु २० हजार

१९. श्री राष्ट्रिय संगित कर्मि संघ, रु २० हजार

२०. श्री नभ बहादुर कामी तुलसीपुर १, रु ७ हजार

२१. श्री सिता चौधरी वडा नं. १६, रु २५ हजार

२२ श्रीटिका नेपाली वडा नं. ६, रु १५ हजार

२३. श्री पपि नेपाली, वडा न १, रु १५ हजार

२४. माघि चौधरी, वडा न १६ रु १० हजार

२५. श्री बोधि कुमार बिष्ट वडा नं. १२ रु १० हजार



टिकाराम खड्का

मिति २०८१ बैशाख २४ गते सोमबार (वि.सं.२०८१।१।२४) तुलसीपुर उपमहानगरपालिकाको २२औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| २६. श्री देबिलाल बि.क. वडा नं १६ | रु १५ हजार | |
| २७. श्री महेन्द्र शर्मा | रु १० हजार | |
| २८. श्री दिल कुमारी डाँगी वडा न १३ | रु २५ हजार | |
| २९. श्री गजेन्द्र नेपाली वडा न१३ | रु २५ हजार | |
| ३०. श्री सजय बिटालु वडा न १३ | रु १५ हजार | |
| ३१. श्री अखिल नेपाल राष्टिय स्वतन्त्र युनियन | रु १० हजार | |
| ३२. श्री अर्जुन चौधरी मानसिक रोगी वडा न १७ | रु १० हजार | |
| ३३. श्री भुपबहादुर केसी वडा न १७ | रु २५ हजार | अनुमोदन |
| ३४. श्री शान्ता पुनमगर वडा न १२ | रु २५ हजार | अनुमोदन |
| ३५. श्री सुधिर गुरुङ्ग खेलकुद | रु ४० हजार | अनुमोदन |

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख